पाठ ३२

१. फारो र तिनको सेनाको सर्वनाश गरिकेपछि परमेश्वरले इज्रेलीहरूलाई कतातर्फ अगुवाइ गर्नुभयो ?
- मरुभूमितर्फ ।

२. मरुभूमि भनेको के हो ?
- मरुभूमि भनेको केवल बालुवा नै बालुवा भएको ठाउँ हो ।

३. परमेश्वरले इज्रेलीहरूलाई मरुभूमिमा अगुवाइ गरिरहेको बेलामा इज्रेलीहरूले के गरे ?
- इज्रेलीहरूले मोसा र हारूनको आलोचना गरे ।

४. इज्रेलीहरूले किन मोसा र हारूनको आलोचना गरे ?
- किनभने तिनीहरूसँग खानको लागि केही पनि थिएन ।

५. इज्रेलीहरूसँग किन खानको लागि केही पनि थिएन ?
- किनभने मरुभूमिमा कुनै खाना थिएन ।

६. के मोसा इज्रेलीहरूको निम्ति मरुभूमिमा खाना खोज्न सक्थे ?
- सक्दैनथे ।

७. के इज्रेलीहरू तिनीहरूको निम्ति मरुभूमिमा खानेकुरा खोज्न सक्थे ?
- सक्दैनथे ।

८. मरुभूमिमा इज्रेलीहरूको निम्ति खाना दिनसक्ने को मात्रै हुनुहुन्थ्यो ?
- परमेश्वर ।

९. परमेश्वरमा विश्वास नगर्ने मानिसहरूलाई पनि परमेश्वर किन सहायता गर्नुहुन्छ ?
- किनभने सबै मानिसहरूलाई परमेश्वरले बनाउनुभएको हो ।
- किनभने सबै मानिसहरूलाई परमेश्वर प्रेम गर्नुहुन्छ ।
- किनभने परमेश्वर सबै मानिसहरू बाँचेको चाहनुहुन्छ ।

१०. के हामीले परमेश्वरमा भरोसा राखेनौं भने के उहाँले हामीलाई बचाउनुहुन्छ ?
- बचाउनुहुन्न ।

११. परमेश्वरले साँझमा इज्रेलीहरूलाई खान दिनुभएको मासु के को थियो ?
- बट्टाइँ चराको ।

१२. इज्रेलीहरूले परमेश्वरले स्वर्गबाट खसाल्नुभएको त्यस रोटीको नाउँ के राखे ?
- मन्न ।

१३. परमेश्वरले मोसालाई पानी पाउन के गर्न भन्नुभयो ?
- परमेश्वरले मोसालाई तिनको लौराले पत्थरमा हिर्काउन भन्नुभयो ।

१४. कसले मात्रै हामीलाई शैतानको शक्तिबाट बचाउन सक्नुहुन्छ ?
- केवल परमेश्वरले ।

१५. के परमेश्वरले इज्रेलीहरूलाई तिनीहरूले निर्णय गरेको तरिकाबाट बचाउनुभयो ?
- बचाउनुभएन ।

१६. परमेश्वरले इज्रेलीहरूलाई कसरी बचाउनुभयो ?
- परमेश्वरले तय गर्नुभएको तरिकाअनुसार ।

१७. परमेश्वरले सबै मानिसहरूलाई कसरी बचाउनुहुन्छ ?
- परमेश्वरले तय गर्नुभएको तरिकाअनुसार ।

- मोसा र इज्रेलीहरू कहाँ छन् ?

- तिनीहरू मरुभूमिमा छन् ।

- परमेश्वर इज्रेलीहरूलाई मरुभूमिमा अगुवाइ गर्ने काम जारी राख्नुहुन्छ ।

आउनुस् प्रस्थान १९:१ पद पढौं ।

- इज्रेलीहरूलाई कहाँ लैजाने भनै निर्णय गर्ने को हुनुहुन्थ्यो ?

- परमेश्वर ।

- परमेश्वरले किन इज्रेलीहरूलाई त्यहाँ लैजाने फैसला किन गर्नुभयो ।

- किनभने परमेश्वरलाई मात्रै जाने उत्तम बाटो थाहा थियो ।

- इज्रेलीहरूले जानुपर्ने उत्तमबाट परमेश्वरलाई मात्रै थाहा भएजस्तै हामी सबैले जानुपर्ने उत्तमबाटो परमेश्वरलाई मात्रै थाहा छ ।
- त्यसपछि परमेश्वरले इज्रेलीहरूलाई कहाँ लैजानुभयो ?

आउनुस् प्रस्थान १९:२ पद पढौं ।

- परमेश्वरले इज्रेलीहरूलाई सिनाइ पर्वततर्फ लैजानुभयो ।

- के तपाईंलाई सिनाइ पर्वतको बारेमा सम्झना छ ?

- सिनाइ पर्वत त्यही ठाउँ थियो जहाँ परमेश्वरले मोसासँग जलिरहेको पोथ्रामा कुराकानी गर्नुभएको थियो ।

- परमेश्वरले मोसासँग जलिरहेको पोथ्रामा कुराकानी गर्नुहुँदा के प्रतिज्ञा गर्नुभयो ?

- परमेश्वरले मोसासँग उहाँले फेरि तिनलाई सिनाइ पर्वतमा ल्याउनेछु भनी प्रतिज्ञा गर्नुभएको थियो ।

- के परमेश्वरले मोसालाई सिनाइ पर्वतमा फिर्ता ल्याउनेछु भनी गर्नुभएको प्रतिज्ञा कायम राख्नुभयो ?

- हो, राख्नुभयो ।

- यद्यपि फारोले मोसालाई मार्न चाहन्थे तर परमेश्वरले तिनको रक्षा गर्नुभयो र तिनलाई सिनाइ पर्वतमा फेरि ल्याउनुभयो ।

- हामी परमेश्वरले गर्नुभएका सबै प्रतिज्ञाहरूमा विश्वास गर्न सक्छौं किनभने परमेश्वरले सधैं सबै प्रतिज्ञाहरू कायम राख्नुहुन्छ ।

- जब मोसा र इज्रेलीहरू सिनाइ पर्वतमा पुगे परमेश्वरले मोसालाई पर्वतको टाकुरामा बोलाउनुभयो ।

- परमेश्वरले किन मोसालाई पर्वतको चुचुरामा बोलाउनुभयो ?

- परमेश्वर मोसासँग कुरा गर्न चाहनुहुन्थ्यो ।

आउनुस् प्रस्थान १९:३-५क पद पढौं ।

- पवर्तको टुप्पामा परमेश्वरले मोसासँग के कुरा गर्नुभयो ?

- परमेश्वर इज्रेलीहरूसँग एउटा करार बाँध्न चाहनुहुन्थ्यो ।

- परमेश्वरले इज्रेलीहरूसँग बाँध्न चाहेको करार के थियो ?

- परमेश्वरले यो भन्नुभयो कि यदि इज्रेलीहरूले परमेश्वरको आज्ञा माने भने उहाँले तिनीहरूलाई आशिष् दिनुहुनेछ ।

- यदि इज्रेलीहरूले उहाँले भन्नुभएका सबै कुरा पालना गरेनन् भने परमेश्वरले तिनीहरूलाई के गर्नुहुनेथियो ?

- परमेश्वरले तिनीहरूलाई सजाय दिनुहुनेथियो ।

- मोसा परमेश्वरले तिनीहरूलाई के भन्नुभयो भनी सुनाउन पर्वतबाट तल ओर्लिए ।

- त्यसपछि इज्रेलीहरूले परमेश्वरसँग के भने ?

आउनुस् प्रस्थान १९:७-८ पद पढौं ।

- इज्रेलीहरूले परमेश्वरसँग उहाँले दिनुभएका सबै आज्ञा पालन गर्छौं भने ।

- के इज्रेलीहरूले विगतमा सधैँजसो परमेश्वरको आज्ञा उल्लङ्घन गरेको सम्झिएका थिए ?

- थिएनन् ।

- इज्रेलीहरूले जब फारो र तिनको सेनाले तिनीहरूलाई लाल सागरमा मार्न गइरहेका थिए त्यसबखत परमेश्वरले तिनीहरूको रक्षा गर्नुभएको थियो भन्ने कुरा भुले ।

- इज्रेलीहरूले तिनीहरू मरुभूमिमा हुँदा परमेश्वरले तिनीहरूलाई खाना र पानी दिनसक्नुहुन्छ भनी विश्वास गरेका थिएनन् भन्ने कुरा भुलेका थिए ।

- के इज्रेलीहरूले तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्नेछन् भनी ठानेका थिए ?

- थिए ।

- इज्रेलीहरूले किन तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्नेछन् भनी विचार गरे ?

- किनभने तिनीहरू घमण्डी र अभिमानी बनेका थिए ।

- के इज्रेलीहरू परमेश्वरक सबै आज्ञाहरू पालन गर्न सक्थे ?

- सक्दैनथे ।

- किन इज्रेलीहरू परमेश्वरका सबै आज्ञाहरू पालन गर्न सक्दैनथे ।

- किनभने तिनीहरू आदम र हव्वाका सन्तान भएर जन्मिएका थिए ।

- किनभने तिनीहरू पापको दास भएर जन्मिएका थिए ।

- किनभने तिनीहरू शैतानको दास भएर जन्मिएका थिए ।

- सबै मानिसहरू आदम र हव्वाको सन्तान भएर जन्मिएका छन् ।

- सबै मानिसहरू पापको दास भएर जन्मिएका छन् ।

- सबै मानिसहरू शैतानको दास भएर जन्मिएका छन् ।

- के परमेश्वरलाई इज्रेलीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्न सक्नेछैनन् भन्ने थाहा थियो ?

- थियो ।

- यदि परमेश्वरलाई इज्रेलीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्न सक्ने छैनन् भन्ने थाहा थियो भने उहाँले किन तिनीहरूसँग करार बाँध्न चाहनुभयो ?

- के तपाईं कसैले प्रतिज्ञा कायम राख्न सक्दैन भन्ने जान्नुहुन्छ भने त्यससँग कुनै करार बाँध्नु हुन्छ ?

- बाँध्दिनँ ।

- यदि परमेश्वरलाई इज्रेलीहरूले उहाँका सबै आज्ञाहरू पालन गर्न सक्ने छैनन् भन्ने थाहा थियो भने उहाँले किन तिनीहरूसँग करार बाँध्न चाहनुभयो ?

- परमेश्वरले इज्रेलीहरूसँग करार बाँध्न चाहनुभयो किनकि उहाँ तिनीहरूलाई सिकाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई के कुरा सिकाउन चाहनुहुन्थ्यो ?

- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्षम छैनन् भनी सिकाउन चाहनुहुन्थ्यो ।

- यद्यपि इज्रेलीहरूले धेरै कोशिस गरेका थिए तर पनि तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्ने थिएनन् ।

- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्दैनन् भनी सिकाउन चाहनुहुन्थ्यो किनभने तिनीहरू पापमा जन्मिएका थिए ।

- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू परमेश्वरका सबै आज्ञा पालन गर्न सक्दैनन् भनी सिकाउन चाहनुहुन्थ्यो, केवल परमेश्वरले मात्रै तिनीहरूलाई अनन्तको मृत्युबाट बचाउन सक्नुहुन्थ्यो ।

- किनभने आदम र हव्वाले पाप गरे, त्यसैले तिनका सबै सन्तानहरू पापमा मरे ।

- किनभने आदम र हव्वाले पाप गरे, त्यसैले तिनका सबै सन्तानहरू हृदयमा पाप लिएर जन्मिए ।

- किनभने आदम र हव्वाले शैतानको कुरा सुने, त्यसैले तिनका सबै सन्तानहरू पाप, मृत्यु र शैतानका सन्तान भए ।

- किनभने आदम र हव्वाले शैतानको कुरा सुने, त्यसैले तिनका सन्तानहरू पाप, मृत्यु र शैतानका दास भएर जन्मिए ।

- परमेश्वर इज्रेलीहरूलाई तिनीहरूको पाप देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई तिनीहरूको दुष्ट्याइँ देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू पापको दास हुन् भनी देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू दुष्ट्याँइका दास थिए भनी देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई तिनीहरू शैतानका दास थिए भनी देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई यदि तिनीहरू परमेश्वरको सामुन्ने चित्कार गरी दुहाइ मागेनन् भने तिनीहरूको पापले तिनीहरूलाई खतम पार्नेछ भनी देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई यदि तिनीहरू परमेश्वरको सामुन्ने चित्कार गरी दुहाइ मागेनन् भने शैतानले तिनीहरूलाई खतम पार्नेछ भनी देखाउन चाहनुहुन्थ्यो ।

- केवल परमेश्वरले मात्रै हामीलाई पापको शक्तिबाट बचाउन सक्नुहुन्छ ।

- केवल परमेश्वरले मात्रै हामीलाई मृत्युको शक्तिबाट बचाउन सक्नुहुन्छ ।

- केवल परमेश्वरले मात्रै हामीलाई शैतानको शक्तिबाट बचाउन सक्नुहुन्छ ।

- परमेश्वरले इज्रेलीहरूसँग गर्नुभएको करार यहाँ छ ।

- यदि इज्रेलीहरूले परमेश्वरका सबै आज्ञा पालन गर्थे भने उहाँले तिनीहरूलाई आशिष् दिनुहुने थियो ।

- यदि इज्रेलीहरूले परमेश्वरका सबै आज्ञा पालन गर्दैनथे भने उहाँले तिनीहरूलाई सजाय दिनुहुनेथियो ।

- मोसाले परमेश्वरसँग इज्रेलीहरू परमेश्वरका सबै आज्ञाहरू मान्न तैयार छन् भनी खबर लगेपछि परमेश्वरले के भन्नुभयो ।

आउनुस् प्रस्थान १९:९क र १०-११ पद पढौं ।

- परमेश्वरले मोसालाई उहाँ पर्वतमा ओर्लनुहुनेछ र इज्रेलीहरूले आफूलाई तैयार पार्नुपर्नेछ भनी आज्ञा दिनुभयो ।

- परमेश्वर किन सिनाइ पर्वत ओर्लनुहुनेथियो ।

- परमेश्वर इज्रेलीहरूलाई उहाँ पवित्र हुनुहुन्छ भनी देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई उहाँ सबै पापलाई घृणा गर्नुहुन्छ भनी देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वर इज्रेलीहरूलाई उहाँ सबै पापहरूको दण्ड मृत्यु दिनुहुन्छ भनी देखाउन चाहनुहुन्थ्यो ।

- परमेश्वरले मोसालाई सिनाइ पर्वतमा एउटा सीमारेखा तय गर्न पनि भन्नुभयो ।

आउनुस् प्रस्थान १९:१२-१३ पद पढौं ।

- परमेश्वरले किन सिनाइ पर्वतमा मोसाले एउटा सीमारेखा तय गरून् भनी चाहनुभयो ?

- किनभने परमेश्वर सिनाइ पर्वतलाई कसैले नछोओस् भन्ने चाहनुहुन्थ्यो ।

- परमेश्वर किन सिनाइ पर्वत कसैले नछोओस् भन्ने चाहनुहुन्थ्यो ?

- किनभने परमेश्वर सिनाइ पर्वतमा ओर्लिनुहुँदैथियो ।

- यदि इज्रेलीहरूले सिनाइ पर्वतमा छुन्थे भने के हुनेवाला थियो ?

- तिनीहरू मर्ने थिए ।

- यदि सिनाइ पर्वतलाई छुन्थे भने इज्रेलीहरू किन मर्ने थिए ?

- किनभने परमेश्वर पर्वतमा ओर्लनुहुँदैथियो ।

- किनभने परमेश्वर पवित्र हुनुहुन्छ ।

- किनभने परमेश्वर सबै पापलाई घृणा गर्नुहुन्छ ।

- किनभने परमेश्वर सबै पापको सजाय मृत्यु दिनुहुन्छ ।

- तेस्रो दिनको बिहानमा परमेश्वर सिनाइ पर्वतमा ओर्लनुभयो ।

आउनुस् प्रस्थान १९:१६-१८ पद पढौं ।

- परमेश्वर सिनाइ पर्वतमा ओर्लनुभयो ।

- पर्वतको नजिक गर्जन भयो ।

- पर्वतको आसपास बिजुली चम्कियो ।

- बाक्लो धुँवाले पर्वत पूर्णरूपमा भरियो ।

- ठूलो तुरहीको स्वर सुनियो ।

- पूरा पर्वत थरर हल्लियो ।

- अनि परमेश्वर पर्वतमा आगोमा आउनुभयो ।

- के इज्रेलीहरू डराए ?

- तिनीहरू धेरै डराए ।

- गर्जन, बिजुली चम्किनु, धुँवा र आगोको सङ्केत के थियो ?

- यही कि परमेश्वर पवित्र हुनुहुन्छ ।

- यही कि परमेश्वर सबै पापलाई घृणा गर्नुहुन्छ ।

- नोआको समयमा परमेश्वरले मानिसहरूको पापलाई मृत्युद्वारा सजाय दिनुभयो ।

- सदोम र गमोराको समयमा परमेश्वरले मानिसहरूको पापलाई मृत्युद्वारा सजाय दिनुभयो ।

- फारोको समयमा परमेश्वरले मानिसहरूको पापलाई मृत्युको सजाय दिनुभयो ।

- परमेश्वर सबै पापको सजाय मृत्यु दिनुहुन्छ ।

- परमेश्वर सिनाइ पर्वतमा ओर्लनुभयो र मोसालाई पर्वतको चुचुरामा बोलाउनुभयो ।

आउनुस् उत्पत्ति १९:२०-२५ पद पढौं ।

- परमेश्वरले मोसालाई यदि इज्रेलीहरूले पर्वतलाई छोए भने तिनीहरू मर्नेछन् भनी चेतावनी दिनुभयो ।

- परमेश्वरले मोसालाई किन पर्वतमा आउने अनुमति दिनुभयो ।

- के मोसा आदम र हव्वाका सन्तान थिएनन् ?
- थिए ।

- के मोसाचाहिँ पापमा जन्मिएका थिएनन् ?
- थिए ।

- त्यसो भए परमेश्वरले मोसालाई किन पर्वतको टाकुरामा आउन अनुमति दिनुभयो त ?

- किनभने मोसाले परमेश्वरमा विश्वास गर्थे ।

- किनभने मोसा परमेश्वरको तरिकाले परमेश्वरको सामुन्ने गए ।
- किनभने मोसा परमेश्वरकहाँ परमेश्वरले देखाउनुभएको तरिकाद्वारा गए ।

- परमेश्वरले मोसालाई उहाँको सन्देशवाहक छान्नुभएकोथियो ।
- परमेश्वरले मोसालाई उहाँको सन्देश इज्रेलीहरूसम्म पुऱ्याउन छान्नुभएको थियो ।

- यदि इज्रेलीहरूले मोसाको कुरा सुन्न इन्कार गर्थे भने तिनीहरूले परमेश्वरको कुरा सुन्न इन्कार गरेको ठहर्थ्यो ।

- परमेश्वरको पुस्तक बाइबल सबै मानिसहरूका निम्ति परमेश्वरको सन्देश हो ।

- यदि हामीले बाइबलमा लेखिएको परमेश्वरको सन्देश सुन्न इन्कार गर्यौं भने हामीले परमेश्वरलाई सुन्न इन्कार गरिरहेका हुन्छौं ।

- यदि हामीले परमेश्वरको कुरा सुन्न इन्कार गऱ्यौं भने परमेश्वरले हामीलाई सधैंभरिको निम्ति दण्डित गर्नुहुन्छ ।

- अर्को पाठमा हामी परमेश्वरले इज्रेलीहरू र अरू सबै मानिसहरुलाई दिनुभएका आज्ञाहरूको बारेमा पढ्नेछौं ।